# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, माघ १२ गते २०६० साल (संख्या ४१

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Wireless Local Loop (WLL) प्रविधिबाट सञ्चालन हुने सेवाको किसिममा देहायबमोजिमको दूरसञ्चार सेवा पर्ने गरी तोकेको छ ।

ब[illegible]ीय Limited (सीमित) Mobility

#### सूचना २

श्री ५ को सरकारले दूरसञ्चार नियमावली, २०५४ को नियम ३५ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-६ को प्रकरण १०क. पछि देहायबमोजिमको प्रकरण १०ख. थप गरेको छ ।

"१०ख. Wireless Local Loop (WLL) प्रविधिबाट सञ्चालन हुने Limited (सीमित) Mobility रु. २,५०,०००।-"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

26

## सूचना ३

श्री ५ को सरकारले दूरसञ्चार नियमावली, २०५४ को नियम ३५ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-७ को प्रकरण २१क. पछि देहायबमोजिमको प्रकरण २१ख. थप गरेको छ ।

"२१ख. Wireless Local Loop (WLL) प्रविधिबाट सञ्चालन हुने Limited (सीमित) Mobility रु. २,२५,०००।–"

आज्ञाले,
मुकुन्द शर्मा पौड्याल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी एम्बुलेन्सको पैंठारीमा अन्तःशुल्क र शव वाहनको पैंठारीमा अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर पूर्णरुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी वी पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको लागि उपहार स्वरूप प्राप्त हुने देहायबमोजिमका अमेरिकी डलर १२०५०।– मूल्य बराबरका Medical Equipment मा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्णरुपमा छुट गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | सामानको विवरण | मूल्य (यु.एस.डलर) |
|---|---|---|
| १ | Source Wire 2585 mm | १२०००।- |
| २ | Prednisolone Syrup | १०।- |
| ३ | Doxycycline Hyclate | १५।- |
| ४ | Monodox Caps | १५।- |
| ५ | Famotidine | १०।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी हिमालयन हेल्थ केयर नेपालद्वारा ईलाम जिल्लामा सञ्चालन हुने डा. मेघबहादुर पराजुली क्लिनिकका लागि Himalayan Health Inc. New York USA बाट सहयोग स्वरुप प्राप्त हुने भा.रु. १६,०७,५००।- र अमेरिकी डलर ५४०५।- मूल्य बराबरका देहायबमोजिमका Medical Equipment मा १ प्रतिशत भन्सार महशुल लिई बाँकी भन्सार महशुल र मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छूट गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सामानको नाम | | मूल्य |
|---|---|---|---|
| १ | Patient Monitor from Larsen and Rurbo Ltd. | IC | 2,16,500/- |
| २ | Electro Surgical Uuit | IC | 1,20,000/- |
| ३ | Operating Table from Gognate India | IC | 1,01,500/- |
| ४ | Operating Light Heads | IC | 50,500/- |
| ५ | Hospital Beds and Furniture | IC | 1,69,000/- |
| ६ | Infant Care Equipment form Phoenix Medical | IC | 1,51,000/- |
| ७ | Suction Machine from Anend Engg. | IC | 15,000/- |
| ८ | 3 Channel ECG Machine from Schiller | IC | 89,000/- |
| ९ | X-ray Machine from M.E. Xay P.Ltd. | IC | 6,95,000/- |
| १० | Misc. Hosp. Equipiment-Oxygen Concentrator/Nebuleser | US$ | 2,080/- |
| ११ | STAT Fax 3300 Chemistry Analyser | US$ | 3,325/- |

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी हिमालयन आँखा अस्पताल पोखराको लागि फाउण्डेशन आई केयर हिमालय द नेदरल्याण्डबाट उपहार स्वरूप प्राप्त हुने जापानी यान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५,४२,२२०।– मूल्य बराबरको मेडिकल उपकरणमा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छूट गर्ने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी Rotary Club of Kasthamandap लाई Wheelchair Foundation बाट नेपालका अपाङ्गहरूलाई वितरण गर्न उपहार स्वरूप प्राप्त हुने अमेरिकी डलर २१,०००।– मूल्य बराबरका २८० थान Wheelchair मा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छूट गर्ने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।